# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

## कार्य क्षमता मुल्याङ्कनद्धारा हुने बढुवा विज्ञापन

**सूचना नं. ३४/२०८२-०८३**

**प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपसिल बमोजिमका पदहरू कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तीन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत कर्मचारीहरूले दरखास्त दिने अन्तिम मिति २०८२/१०/२२ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/१०/२९ गते सम्ममा अनलाइन दरखास्त आह्वान गरिन्छ। तोकिएको म्यादभित्र अनलाइन अपलोड नभएको र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुनेछैन। झुठा विवरण उल्लेख गरेको वा पेश गरेको पाइएमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/१०/२२ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव, सेवा अवधि र लेख प्रकाशन मान्य हुनेछैन।

**अनलाइन दरखास्तको साथमा निम्न लिखित कागजातहरूको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र।
- विज्ञापित पद/तहका लागि प्रवेशिका र सोदेखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अन्तिम म्यादभित्रै उपलब्ध गराईसक्नुपर्ने।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरूको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र।
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कुल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र।
- प्रतिष्ठानको नियमानुसार तोकिएको अवधि अनुसार का.क्ष.मु. विवरण सम्बन्धित कार्यालयमा बुझाइएको हुनुपर्ने।
- उम्मेदवारको दस्तखतको डिजिटल कपी अपलोड गर्नुपर्ने।
- दरखास्त दस्तुर आवेदनको लिङ्कभित्र रहेको अनलाइन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- अनलाईन आवेदनको लागि https://www.pahssc.pahs.edu.np मा गई दरखास्त पेश गर्न सकिनेछ
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम ३८ बमोजिम हुने।
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- अन्य विस्तृत जानकारी सेवा आयोगको वेबसाइट https://www.pahs.edu.np को servicecommission मा प्रकाशित गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद नाम | तह | सेवा | समूह | उपसमूह | माग पद सङ्ख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | शल्य चिकित्सा | | १ | २५०० | स्नातकोत्तर |
| २ | २/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | जीव रसायन | | १ | २५०० | MD/PhD in Biochemistry |
| ३ | ३/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | शरीर क्रिया | | १ | २५०० | MD/PhD in Physiology |
| ४ | ४/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | अङ्कोलोजी | १ | २००० | MD Obs/Gyn with DM/ Fellowship in Gyne-oncology |
| ५ | ५/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | आकस्मिक तथा बहिरङ | | १ | २००० | MDGP |
| ६ | ६/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | एनेस्थेसिया | | २ | २००० | MD Anesthesia |
| ७ | ७/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | मनोचिकित्सा | | १ | २००० | MD Psychiatry |
| ८ | ८/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | जीव रसायन | | १ | २००० | MD Biochemistry |
| ९ | ९/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | औषधि विज्ञान | | १ | २००० | MD Pharmacology |
| १० | १०/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | एडल्ट हेल्थ | १ | २००० | MN in Adult Health |
| ११ | ११/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | हस्पिटल मिडवाइफरी | १ | २००० | MN in Advanced Women Health |
| १२ | १२/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | चाइल्ड हेल्थ | १ | २००० | MN in Child Health |
| १३ | १३/२०८२-०८३ | नर्सिङ सुपरभाइजर | ९ क | प्राविधिक | नर्सिङ | | १ | १६०० | स्नातकोत्तर |
| १४ | १४/२०८२-०८३ | प्रमुख नर्सिङ अधिकृत | ८ ख | प्राविधिक | नर्सिङ | | ३ | १४०० | स्नातक |
| १५ | १५/२०८२-०८३ | सिनियर नर्सिङ अधिकृत | ८ क | प्राविधिक | नर्सिङ | | ४ | १४०० | स्नातक |
| १६ | १६/२०८२-०८३ | नर्सिङ अधिकृत | ७ | प्राविधिक | नर्सिङ | | ४ | १४०० | स्नातक |
| १७ | १७/२०८२-०८३ | सिनियर स्टाफ नर्स | ६ | प्राविधिक | नर्सिङ | | ६ | १००० | प्रमाणपत्र तह |
| १८ | १८/२०८२-०८३ | लेखा सहायक | ६ | प्रशासन | लेखा | | २ | १००० | प्रमाणपत्र तह |
| १९ | १९/२०८२-०८३ | सिनियर सवारी चालक | ४ | प्राविधिक | सवारी शाखा | | १ | ८०० | साधारण लेखपढ भई हलुका तथा मझौला सवारी चालक (ख र च) अनुमति प्राप्त गरेको |

**आवश्यक थप योग्यता** : प्राज्ञिकतर्फ बढुवाका लागि पाटन स्वास्थ्य प्रतिष्ठान कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) नियम ३७ (२) सँग सम्बन्धित अनुसूची-११ बमोजिम हुनेछ।

**अन्य विषय** : सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) तथा प्रचलित कानून बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सचिव**